शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१० संख्या :७ मितिः- २०८३/०३/०३ (अतिरितांक)

## भाग — २

## शुद्धोदन गाउँपालिका

## मानपकड़ी, लुम्बिनी प्रदेश

# दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

सम्बत २०८३ को कार्यविधि नं. ७ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०३।०३

# दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मिति २०८३।०३।०३

प्रमाणिकरण मिति २०८३।०३।०४

शुद्धोदन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुको व्यवस्थापन सुधार गरी शैक्षिक गुणस्तर एवम् सिकाइ उपलब्धि बृद्धि गर्न शिक्षक दरबन्दी मिलान एवम् तहगत र विषयगत शिक्षक व्यवस्थापन गर्न बान्छनीय भएकोले शुद्धोदन गाउँकार्यपालिकाले दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३ बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

क) यो कार्यविधिको नाम " दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

ख) यो कार्यविधि शुद्धोदन गाउँकार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण गरेको मितिदेखि लागु हुनेछ ।

ग) यो कार्यबिधि शुद्धोदन गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः-

क) "विद्यालय" भन्नाले शुद्धोदन गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ ।

ख) "गाउँपालिका" भन्नाले शुद्धोदन गाउँपालिकालाई सम्झनु पर्छ ।

ग) "दरबन्दी" भन्नाले शुद्धोदन गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा रहेका तहगत स्वीकृत दरबन्दी,राहत अनुदान, प्रारम्भिक बालविकास र शिक्षण सहयोग अनुदान कोटा सम्झनु पर्छ ।

घ) "शिक्षक" भन्नाले नेपाल सरकारबाट सालबसाली नियमित रुपमा तलब भत्ता पाउँने गरी विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत रहेको र पछि नियुक्ति हुने स्थायी, करार, राहत अनुदान, शिक्षण सहयोग अनुदान शिक्षक र बालविकास सहजकर्ता पदमा कार्यरत व्यक्ति सम्झनु पर्दछ ।

ङ) "कर्मचारी" भन्नाले शुद्धोदन गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा नेपाल सरकारबाट सालबसाली नियमित रुपमा पाउँने अनुदानबाट तलब भत्ता पाउने गरी

कार्यरत वा पछि नियुक्ति हुने कार्यालय सहायक,लेखा सहायक र विद्यालय सहयोगी सम्झनु पर्दछ ।

च)"अध्यक्ष" भन्नाले शुद्धोदन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

छ)"प्रमुख प्रशासकीय अधिकृत " भन्नाले शुद्धोदन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज)"ऐन" भन्नाले शिक्षा ऐन २०२८ संसोधन सहित सम्झिनु पर्दछ, सो शब्दले शुद्धोदन गाउँपालिकाको शिक्षा ऐन २०७४ संसोधन सहितलाई समेत जनाउँनेछ ।

झ)"नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ संसोधन सहित सम्झिनु पर्दछ, सो शब्दले शुद्धोदन गाउँपालिकाको शिक्षा नियमावली २०७९ लाई समेत जनाउँनेछ ।

ञ)"कार्यपालिका" भन्नाले शुद्धोदन गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

ट)"शिक्षा समिति" भन्नाले शुद्धोदन गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

ठ)"प्रधानाध्यापक" भन्नाले नियमानुसार विद्यालयको प्रशासनिक जिम्मेवारी प्राप्त विद्यालयको वरिष्ट शिक्षकलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## दरबन्दी मिलान सम्बन्धी व्यवस्था

३. दरबन्दी मिलानका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) आधारभूत तह कक्षा १-५ को लागि शिक्षक विद्यार्थी अनुपात १:२० कायम गर्ने। सो भन्दा बढी हुन आएको दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा राखिनेछ।

ख) निम्न माध्यमिक र माध्यामिक तहको लागि शिक्षक विद्यार्थी अनुपात १:३० कायम गर्ने ।

ग) प्राथमिक तहको कक्षा १-३ संचालित विद्यालयमा न्यूनतम २ शिक्षक दरबन्दी र कक्षा १-५ संचालित विद्यालयमा न्यूनतम ३ शिक्षक दरबन्दी कायम गर्ने।

घ) आधारभूत तह कक्षा (६-८) मा न्यूनतम ४ शिक्षक दरबन्दी, माध्यामिक तह कक्षा (९-१०) मा न्यूनतम ५ शिक्षक दरबन्दी र माध्यामिक तहको कक्षा (९-१२) मा न्यूनतम ७ शिक्षक दरबन्दी कायम गर्ने।

तर प्राबिधिकधार सञ्चालन भएको विद्यालयमा प्राबिधिकधारको (९-१२) को लागि नेपाल सरकारले प्रदान गरेको दरबन्दी विद्यार्थी संङ्ख्या जतिसुकै भए पनि यथावत कायम गर्ने।

ङ) दरबन्दी मिलान गर्दा सम्भव भएसम्म विषयगत समस्या समाधान हुने गरी गर्ने ।

च) निम्न माध्यमिक र माध्यमिक तहमा तोकिए बमोजिम तहगत र विषयगत दरबन्दी अपुग भएको अवस्थामा प्राथमिक तहको पुल दरबन्दीबाट माथिल्लो तहमा गणना गरी दरबन्दी व्यवस्थापन गर्ने।

छ) गत शैक्षिक सत्रको IEMIS मा अध्यावधिक भएको विद्यार्थी सङ्ख्यालाई मूख्य आधार लिइनेछ।

ज) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी करार/राहत अनुदान/शिक्षण सिकाई अनुदान र प्रारम्भिक बालविकास कोटा समेत गणना गरी कार्यरत तहगत शिक्षकको सङ्ख्यालाई आधार लिने।

तर माध्यमिक तहमा दरबन्दी व्यवस्थापन गर्दा प्रारम्भिक बालविकास कोटालाई गणना गरिने छैन ।

झ) दरबन्दी मिलान गर्दा कटौती हुनु पर्ने दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउने र यसरी खटाउँदा सबै भन्दा बढी बिद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिने।

ञ) दरबन्दी मिलान गर्दा प्राथमिक तह र निम्न माध्यमिक तहको दरबन्दीलाई आधारभूत तहको दरबन्दी गणना गरी मिलान तथा व्यवस्थापन गर्ने।

ट) कुनै विद्यालयमा माथिल्लो तहमा दरवन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको शिक्षक दरबन्दी एकमूष्ट गणना गरी न्यूनतम दरबन्दी सुनिश्चित गरि दरबन्दी मिलान गर्ने।

## परिच्छेद- ३

### दरबन्दी कटौति तथा थप सम्बन्धी व्यवस्था

४. दरबन्दी कटौती गर्दा यथा सम्भव विद्यालयलाई असर नपर्ने गरी देहायका आधारमा गरिनेछ।

१) सम्बन्धित विद्यालयमा रिक्त रहेको दरबन्दी।

२) सम्बन्धित विद्यालयमा भविष्यमा रिक्त हुने दरबन्दी।

३) विद्यालय समायोजन वा तह वा कक्षा घटाइएका विद्यालयबाट अन्यत्र व्यवस्थापन गर्नुपर्ने दरबन्दी ।

५. दरबन्दी थप गर्दा यथा सम्भव विद्यालयलयमा विषयगत शिक्षक व्यवस्थापन हुने गरी देहायका आधारमा गरिनेछ।

१) शिक्षक विद्यार्थी अनुपात भन्दा बढी विद्यार्थी संख्या रहेको विद्यालय ।

तर विद्यालयमा निर्धारित शिक्षक विद्यार्थी अनुपातको न्यूनतम ५०% भन्दा बढी विद्यार्थी नभएसम्म थप दरबन्दी व्यवस्थापन गरिने छैन।

२) स्वीकृत तह भन्दा माथिल्लो तह सञ्चालन भएको विद्यालय ।

३) विषयगत आवश्यकताको आधार।

## परिच्छेद- ४
## शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था

६. शिक्षकको व्यवस्थापन गर्दा देहायका आधार अबलम्वन गरिनेछ।

१) आधारभूत तहको विद्यालयमा कम्तिमा एक स्थायी शिक्षक व्यवस्थापन गर्ने।

२) निम्न माध्यमिक तह र माध्यमिक तहको लागि तोकिए बमोजिम विषयगत शिक्षक व्यवस्थापन गर्ने।

३) माध्यमिक तहको कम्तीमा एक स्विकृत दरबन्दी वा राहत अनुदान प्राप्त विद्यालयमा माध्यमिक तहको स्थायी शिक्षक व्यवस्थापन गर्ने।

४) उपदफा (२) बमोजिम शिक्षक व्यवस्थापन गर्दा निम्न माध्यामिक र माध्यमिक तहको शिक्षक अपुग भएको अवस्थामा प्राथमिक तहको पुल दरबन्दीबाट शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक सरुवा व्यवस्थापन गर्ने।

५) गाउँ शिक्षा समितिले एक विद्यालयको शिक्षक तथा कर्मचारीलाई आवश्यकता अनुसार अर्को विद्यालयमा सरुवा व्यवस्थापन गर्न सक्नेछ।

६) शैक्षिक गुणस्तर एवम् सिकाइ उपलब्धी सुधारका लागि शिक्षक दरबन्दी थप वा कटौती नहुने विद्यालयमा समेत आवश्यकता अनुसार तहगत र विषयगत शिक्षक सरुवा व्यवस्थापन गर्न सकिनेछ।

७) उपलब्ध भएसम्म सबै विद्यालयमा तहगत बरिष्ट शिक्षकहरु मध्येवाट प्रधानाध्यापक व्यवस्थापन गरिनेछ।

८) अपाङ्गता भएका शिक्षकहरुलाई सम्भव भएसम्म निजको घर पायक पर्ने गरी सरुवा व्यवस्थापन गरिनेछ।

९) सम्बन्धित तह र विषयको नियुक्ति लिएका शिक्षकहरुलाई सोही तह र विषय मिल्ने गरी व्यवस्थापन गरिनेछ। माथिल्लो तहमा गणना गर्ने प्राथमिक तहको पुल दरबन्दी कायम भएका शिक्षकहरुको माथिल्लो तहको शैक्षिक योग्यता, शिक्षकको क्षमता र कार्यसम्पादनका आधारमा व्यवस्थापन गरिनेछ।

१०) स्थायी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान र बालविकास सहजकर्ताहरुलाई आवश्यकता अनुरुप गाउँ शिक्षा समितिको निर्णय अनुसार विभिन्न विद्यालयमा सरुवा व्यवस्थापन गरिनेछ।

७. शिक्षा समितिले आवश्यकता अनुसार शिक्षक सरुवा व्यवस्थापन गर्दा सो पूर्व सरुवा व्यवस्थापन भएका शिक्षकलाई कम्तिमा तीन वर्ष यथावत रहने गरी सम्भव भएसम्म प्रत्येक वर्षको असार मसान्त भित्र गरिसक्नु पर्नेछ ।

८. सरुवा व्यवस्थापन भएको विद्यालयमा जानुपर्ने : यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु २१ दिन भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ। तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन।

९. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने : दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ।

१०. प्रधानाध्यापक जिम्मेवार हुने : यस कार्यविधि बमोजिम दरबन्दी मिलान तथा शिक्षक सरुवा व्यवस्थापन कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

## परिच्छेद- ५

## पुलमा रहेको दरबन्दी व्यवस्थापन

११. पुल दरबन्दी सम्बन्धी व्यवस्था : प्राथमिक तहमा तोकिएको शिक्षक विद्यार्थी अनुपात र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरबन्दीलाई शिक्षा समितिको पुल दरबन्दीको रुपमा राखिनेछ।

१२.माथिल्लो तहमा गणना हुने पुल दरबन्दी : दफा ७ बमोजिमको पुल दरबन्दीलाई सोही विद्यालय तथा गाउँपालिका क्षेत्रभित्र सञ्चालित अन्य विद्यालयको निम्नमाध्यमिक, माध्यमिक (कक्षा एघार र बाह्र समेत) तहमा शिक्षक दरबन्दी अपुग भएको अवस्थामा त्यसरी बाँकी भएको पुल दरबन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरबन्दी समेतलाई गणना गरिनेछ।

## परिच्छेद- ६
## बिविध

१३.यस कार्यबिधि बमोजिम हुनेः

१) यो कार्यबिधि स्विकृत भएपछि शुद्धोदन गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान तथा शिक्षक सरुवा व्यवस्थापन कार्य यसै कार्यबिधि बमोजिम हुनेछ।

२) यो कार्यबिधि लागु हुनु पुर्व यस कार्यालयबाट भए गरेका दरबन्दी मिलान शिक्षक सरुवा व्यवस्थापन सम्बन्धि सम्पूर्ण कार्य यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ।

१४.बाधा अड्काउ फुकाउ : यो कार्यबिधि कार्यन्वयनका सम्बन्धमा कुनै वाधा अडचन आइपरेमा शुद्धोदन गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

१५.प्रचलित कानुन बमोजिम हुने : यस कार्यबिधिमा उल्लेखित कुनै विषय प्रचलित कानुनसँग बाँझिएको अवस्थामा बाँझिएको हदसम्म अमान्य हुनेछ।

१६.संसोधन तथा हेरफेरः यस कार्यबिधिलाई आवश्यकताका आधारमा गाउँ कार्यपालिकाको निर्णयवाट संसोधन तथा हेरफेर गर्न सकिनेछ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८३/०३/०३

आज्ञाले

लेख बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत